सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक २१० ♦ २०८१ साल वैशाख १४ गते शुक्रवार ♦ 26 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# मटिहानीका आगलागी पीडितहरुलाई विभिन्न संघसंस्था द्वारा राहत सामाग्री वितरण

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**वैशाख १३ गते, महोत्तरी**

मटिहानी नगरपालिकाका अग्नी पीडित परिवारजनलाई आज र ाहत वितरण गरिदैछ ।

मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलले अग्नी पीडित सबै परिवारलाई विहिवार प्रार म्भिक रुपमा राहत वितरण कार्य सुरु गरेको बताए।

मटिहानी नगरपालिकाको आकष्मिक कार्यपालिका बैठकले तत्काल प्रभावित परिवारलाई तयारी खाना, खाद्यान्न र त्रिपाल उपलब्ध गराउने निर्णय गर अनुसार वितरण गरिएको हो ।



महोत्तरीको मटिहानी नगर पालिकाको वडा नं. ६ को जर लहवा बस्तीका अग्निपीडित परि वारहरूलाई राहत वितरण सुरु भएको छ । बुधबार मटिहानी नगरपालिका वडा नं. ६ स्थित जरलहवा गाछी बस्तीमा भएको आगलागीमा डेढसय भन्दा बढी घर जलेर नष्ट भयो ।

बिहीबार बिहानै अग्निपीडित परिवारहरूलाई मटिहानी नगर पालिका वडा नं. ८ का सुनचाँदी व्यवसायी जयशंकर गुप्ताले आलु, आटा तथा बस्ने पटिया वितरण गरो छन् । त्यसैगरी जलेश्वर नगरपालिका २ निवासी मनुराज चौधरीले अग्निपीडित परिवारलाई एक-एक कार्टुन चाउचाउ वितरण गरेका छन् ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले वुधबार राति नै आगलागी पीडितहरूलाई खानेकुरा, पानी त्रिपाल तथा रेडक्रस सोसाइटीले बाल्टिन र मग वितरण गरेको जानकारी दिदै बिहीबार बिहानै बिस्कुट वितरण गरिएको बताए ।

नगरपालिकाको स्रोतसाधनबाट धान्ने गरी आगलागी पीडितहरूलाई सहयोग भइरहेको बताउँदै नगरप्रमुख मण्डलले विपद्को यस घडीमा सहयोगको लागि सबैसँग अपिल गरे।

बिहीबार बिहानै मधेश प्रदेशका गृहमन्त्री राजकुमार लेखी, राज्यमन्त्री शारदा थापा, प्रदेशसभा सदस्य रानी शर्मा तिवारी तथा गृहसचिव वीरेन्द्र यादवसहितका टोलीहरू घटनास्थल पुगेर निरीक्षण तथा अवस्था बुझेका छन्। उनिहरुले अवस्था भयावह रहेको बताउदै क्षतिको यकिन गरेर मधेश सर कारबाट आगलागी पीडितहरूलाई सहयोग गर्ने आश्वासन दिए ।

जरलहवा बस्तीमा वुधबार लागेको आगलागीलाई नियन्त्रणमा लिन १० वटा वारुणयन्त्रलाई झण्डै सात घण्टाभन्दा बढी समय लागेको थियो । अहिले आगलागी पीडितहरूलाई राहत र पुनर्स्थापना कसरी गर्न सकिन्छ भन्नेमा समय दिनुपरेको बताउनुहुँदै नगरप्रमुख मण्डलले आगलागी पीडितहरूलाई संयमता साथ बस्न आग्रह गरे ।

*बाँकी पृष्ठ ३ मा*



## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौं।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**





## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।**

नयाँ वर्ष २०८१ को शुभ उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै बैंकको ६९ औं वार्षिकोत्सवको सुखद अवसरमा मुलुकको समष्टिगत आर्थिक स्थायित्व मार्फत अर्थतन्त्रको दिगो विकाससँगै सुरक्षित एवम् सक्षम भुक्तानी प्रणालीको सबलीकरणका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन र वित्तीय सेवाको पहुँच विस्तार गर्दै वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने र मुलुकले परिलक्षित गरेको आर्थिक विकासका लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन सदा समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**नेपाल राष्ट्र बैंक परिवार**

# मटिहानीका आगलागि पीडित प्रति परिवारलाई बीस हजार राहत रकम तत्काल उपलब्ध गराउने निर्णय

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**वैशाख १३ गते, महोत्तरी**

मटिहानीका आगलागि पीडित प्रति परिवारलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट बीस हजार राहत रकम तत्काल उपलब्ध गराउने निर्णय गरिए छ।

जिल्ला विपद् व्यवस्थापन समितिकरो आज बसेको बैठकबाट सो निर्णय गरिएको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले गर ए।

बुधवार दिउँसो १ मटिहानी नगरपालिका वडा नं. ६ जर लाहा टोलमा भिषण आगलागी भएको थियो । सो आगलागी नियन्त्रणका लागि नेपाली सेनाबाट १५४ जना, नेपाल प्रहरीबाट १०० जना, सशस्त्र प्रहरी बल, नेपालबाट १२० जनाको टोली स्थानीयहरु मिलि बेलुकी ९ बजे आगो पूर्ण रुपमा नियन्त्रणमा लिईएको । सो कार्यमा जलेश्वर, मटिहानी, रामगोपालपुर, गौशाला नगर पालिका, सम्सी गा.पा., क्षिरेश्वरनाथ न.पा. धनुषा, मधेश प्रदेश गण जनकपुरका साथै भारतको मुजापुरबाट आएको पिकअप गाडीमा ल्याएको ०१ वटा फायर बिग्रेट गरी जम्मा १० वटा दमकल प्रयोग गरिएको थियो ।

आगलागिबाट ९१ वटा कच्ची र ९ वटा अर्ध पक्की गरी १०० वटा घर जलेको, ४६२ व्यक्ति प्रभावित भएको, मानवीय क्षति नभएको, चौपायामा ०५ वटा बाखा, २ वटा सुङ्गुर जलि नष्ट भएको छ ।

नेपाल रेडक्रस सोसाइटी महोत्तरी शाखाले आगलागि पीडित १०० घर धुरीलाई प्रति परिवार वाल्टिन १ थान, जग- १ थान, र मटिहानी नगर पालिकाले त्रिपाल- १ थान, चिउरा- २ के.जी., चिनी ५०० ग्राम, पानीको बोतल २ थान र ाहत सामग्री उपलब्ध गराएको छ। त्यस्तै मटिहानी नगरपालिकाबाट प्रति परिवार चामल २५ के.जी., दाल - ४ के.जी., रु पाँच हजार नगद राहत उपलब्ध गराईएको छ। सुनचाँदी व्यवसायी जयशंकर प्रसाद गुप्ताले प्रति परिवार आटा- ५ के.जी, आलु - २ के.जी., गुन्द्री - १ थान, चाउचाउ प्याकेट -१ थान राहत उपलब्ध गराइएको छ।



जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट स्थानीय तह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटीले क्षतिको विवरण संकलन गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने , आगलागी पीडितहरुको लागि राहत, अस्थायी वसोवास को लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा मधेश प्रदेश सर कार, गृह, सञ्चार तथा कानून मन्त्रालयलाई अनुरोध गर्ने , आगलागी पीडितहरुलाई राहत सामग्रीहरु तथा आवश्यक सहयोग उपलब्ध गराउन जिल्लामा कियाशील विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, उद्योग वाणिज्य संघ, नागरिक समाज, विभिन्न समाजसेवी संघसंस्थालाई अनुरोध गर्ने , राहत सामग्रीहरु एकद्वार नीति अन्तर्गत जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय जिल्ला प्रशासन कार्यालयमा अनिवार्य रुपमा अभिलेखीकरण गरी स्थानीय पालिका मार्फत उपलब्ध गराउने , स्वास्थ्य कार्यालय, महोत्तरीले स्थानीय तह, सहयोगी संघसंस्थाहरुसँग सहकार्य, समन्वय गरी गर्भवती, बालबालिका, वृद्ध, असहाय, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखी आवश्यक स्वास्थ्य सेवाको प्रबन्ध मिलाउने , खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले सो वस्तीमा आधारभूत खानेपानी तथा सरसफाईको प्रबन्ध मिलाउने , आगलागी पीडित घरपरिवारलाई सहुलियत दरमा नियमानुसार काठ तथा दाउरा उपलब्ध

डिभिजन वन कार्यालय, महोत्तरीलाई निर्देशन दिने , शिक्षा विकास तथा समन्वय इकाईसँग समन्वय गरी गैर सरकारी संस्थाहरुले आवश्यकताको आधारमा शैक्षिक सामग्रीहरु उपलब्ध गर ाउने , दैनिक जसो आगलागीका घट्नाहरु देखा परिरहेको वर्तमान अवस्थामा आगलागीबाट बच्न र बचाउनका लागि आवश्यक जनचेतनामुलक सामग्रीहरु स्थानीय भाषामा तयार गरी स्थानीय पत्रपत्रिका, एफ. एम. रेडियो बाट प्रसारण हुने व्यवस्था स्थानीय तह, जिल्लामा क्रियाशील गैरसरकारी संघ संस्थाले मिलाउने तथा स्थानीय तहले स्थानीय रुपमा माईकिङ्ग गर्ने , तातो हावा (लु) बाट वच्न तथा बचाउन जिल्लामा क्रियाशील संघसंस्था, स्थानीय तहले जनचेतनामूलक सामग्रीहरु स्थानीय भाषामा तयार गरी स्थानीय पत्रपत्रिका, एफ. एम. रेडियोबाट प्रसारण हुने व्यवस्था मिलाउने , आवश्यक पोष्टर पम्पलेट समेत तयार गरी जनचेतना जगाउने, स्वास्थ्य कार्यालयले स्थानीय तहमा रहेको स्वास्थ्यकर्मीमार्फत जनचेतना जगाउने , जिल्लामा विभिन्न निकायहरुको स्वामित्वमा रहेको वारुणयन्त्र, चालक तथा आवश्यक सहयोगी कर्मचारी चौविसै घण्टा प्रयोग गर्न सक्ने गरी तयारी अवस्थामा राखे , वारुणयन्त्रका चालकहरुको नाम तथा सम्पर्क नम्बर जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सप्रब नेपाल, नं.९ गण हे.क्वा. तथा स्थानीयस्तरमा रहेका सुरक्षा निकायका इकाईहरुमा उपलब्ध गराउने, विपद्को समयमा प्रतिकार्य गर्न स्थानीयस्तरमा युवा दस्ता तयार गरी सुरक्षा निकायको सहयोगमा स्थानीय तहले तालिम प्रशिक्षण दिने , विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि आवश्यक उद्दार तथा राहतका न्यूनतम सामग्रीहरु स्थानीय तहले स्थानीय सुरक्षा ईकाईको समन्वयमा खरिद गरी व्यवस्थापन गर्ने, स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गर्ने गराउने र स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गर्ने जस्ता निर्णयहरु गरिएको छ।







**नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।**
**कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं**

**धनुषाधाम नगरपालिका, धनुषा**


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृष-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन-**समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट -** अपुरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**सिंह -**सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या -** लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला -** समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक -** सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु -** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मकर -**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ।पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

# मटिहानीका आगलागी.....



नेपाल भारत मैत्री युवा संघ केन्द्रिय कार्यसमिति द्वारा मटिहानी वडा न ६ मा भएको भीषण आगलागी बाट प्रभावित भएका १०३ घर परिबार लाई खाना पकाउने भाडाकुडा सेट , त्रिपाल, चामल, दाल , नून सहितका राहत सामग्री बितरण गरिएको छ ।

नेपाल भारत मैत्री युबा संघका केन्द्रिय अध्यक्ष तथा नेपाली कांग्रेस का केन्द्रिय सह महामन्त्री महेन्द्र यादव लगायत नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरुको उपस्थितिमा राहत वितरण कार्य गरिएको छ ।

त्यसैगरी जनकपुरधामको न्युरो हस्पिटल तथा रिसर्च सेन्टरले महोत्तरीको मटिहानीमा आगलागीबाट पीडितहरुलाई राहत सामाग्री वितरण गरेको छ। न्युरो हस्पिटलको एक टिम बिहिबार मटिहानी नगरपालिका वडा नं. ६स्थित जरलहवा वस्तीका आगलागि वाट पीडित भएका परिवारलाई राहत सामाग्री वितरण गरेको हो ।

अस्पतालका संचालक डा. विजय राउतको नेतृत्वमा पुगेको टोलीले पीडितहरुलाई साडी, गम्छा, चामल, विस्कुट लगायतका राहत सामाग्री वितरण गरेको छ ।

जरहवा वस्तीका आगलागीबाट पीडित १ सय १० भन्दा बढी परिवारलाई राहत सामाग्री वितरण गरिएको हो । पीडित परिवारलाई सो राहत सामाग्री मटिहानी नगरपालिका नगर प्रमुख हरिप्रसाद मण्डलले हस्तान्तरण गरेका छन् । उनले आङ्ग+ नो नगरको आगलागी पीडितलाई अस्पतालले गरेको सहयोगप्रति धन्यवाद ज्ञापन गरेका छन् ।

अस्पतालका संचालक राउतले यो विपदको घडीमा सबैले पीडितका लागि सहयोगी हात आगाडी बढाउनु पर्छ भन्ने अभिप्रायले राहत सामाग्री वितरण गरेको बताए । उनले अन्य सहयोगी हातहरुलाई समेत आगलागीबाट पीडितहरुको सहयोगका लागि आग्रह गरे ।

राहत सामाग्री वितरणका लागि अस्पतालका संचालिका विभा राउत, चेयरमैन अजय राउत, सूचना अधिकारी संजय मण्डल लगायतका उपस्थितिमा राहत सामग्री वितरण गरिएका छन् । मटिहानी नगरपालिका वडा नं. ६ स्थित जरलहवा गाछीमा रहेको बस्तीमा डेढसय भन्दा बढी घर आगलागिवाट जलेर नष्ट भएका छन् ।

# मन्त्री बेची लुंगेलीले सम्हालिन् श्रम मन्त्रालयको जिम्मेवारी



**खबर दर्पण समाचारदाता**

**वैशाख १३ गते, महेन्द्रनगर**

मधेस प्रदेशकी बिनाविभागीय मन्त्री बेची लुंगेलीले श्रम तथा यातायात मन्त्रीको पदभार ग्रहण गरेकी छन्।

नेकपा एकीकृत समाजवादीबाट बिनाविभागीय मन्त्रीको शपथ लिएकी उनले श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेकी हुन्।

मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा गत वैशाख ६ गते प्रदेश प्रमुखले उनलाई बिनाविभागीय मन्त्रीको शपथ गराएकी थिइन्।

श्रममन्त्रीको जिम्मेवारी सम्हाल्दै उनले तीन वटा निर्णय गरेको बताइन्।

प्रदेशको आठ वटै जिल्लाका कार्यालयहरूमध्ये कम्तीमा एउटा कार्यालयको आङ्ग+ नै जग्गा व्यवस्थापन गरी एउटा अटोमेटिक ट्रायल सेन्टर स्थापना गर्ने, सबै कार्यालयमा प्रतीक्षालय निर्माण गरी खानेपानीको व्यवस्था गर्ने र कार्यालयमा सेवाग्राहीलाई टोकनको व्यवस्था गरी एकद्धार प्रणालीमार्फत् सेवा प्रवाह गर्ने निर्णय भएको मन्त्री लुंगेलीले बताइन्।

'कार्यालयका हरेक सेवा जनमुखी बनाउने हाम्रो प्रयास रहनेछ। फरक ढंगले काम गरी यो मन्त्रालयलाई नमूना मन्त्रालय बनाउँछौं,' उनले भनिन्।


**सूचना ॥ सूचना ॥ सूचना ॥**

**राष्ट्रिय हात्तीपाईले रोग निवारण २०८१ का लागि आम औषधि सेवनबारे सूचना**

**सामान्य जानकारी :** परजीवीबाट संक्रमिक लामखुट्टेको टोकाईबाट सर्ने हात्तीपाईले रोग निवारणका लागि वि.स. २०८१ को आम औषधि सेवन गराउने कार्य तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सम्पन्न हुदैछ । यस अभियानमा खुवाइने तीन थरि औषधि ( Ivermectin , diethylcabamazine , albendrazole ) ले रोगको उपचार हुनुको साथसाथै रोग लाग्नबाट समेत बचाउने हुनाले यो औषधि सेवन गर्नु आवश्यक छ । यी तिनै औषधीहरि वर्षौंदेखि उपचारको लागि प्रयोगमा आइरहेको र सुरक्षित औषधी हुन् ।

**औषधी खान नहुने समुह :** २ वर्ष नपुगेका बालबालिकाहरु , गर्भवती र ७ दिन सम्मका सुत्केरी , छ्यारे रोगी तथा सिकिस्त बिरामीहरु ।

**औषधी खाने समय :** यो औषधी खाली पेटमा खानु हुदैन । अरु सबै व्यक्तिले स्वास्थ्यकर्मीले भने अनुसार खाना सँगै वा खाना पछी औषधि खानुपर्छ ।

**औषधीका असरहरु :** औषधी सेवन गरे पछी हात्तीपाईले रोगको परजीवी शरीरमा भएमा कसै कसैमा ज्वरो आए जस्तो हुने , टाउको दुख्ने , रिंगटा लाग्ने , वाकवाकी लाग्ने जस्ता सामान्य असर हुन सक्छ । यस्ता असरहरु आफै केहि समयमा ठिक भएर जान्छन । यदि ठिक नभएमा नजिकको स्वास्थ्य संस्थामा जाऔं र जाने सल्लाह दिऔं ।

**औषधि खुवाउने मिति र स्थान : २०८१ वैशाख १६ गतेदेखि सम्पूर्ण वडाहरुमा**





**के तपाइँ यस्तो हुन चाहनुहुन्छ यदि होइन भने औषधि अनिवार्य खाऔं र अरुलाई पनि खान प्रोत्साहन गरौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
जलेश्वर , महोत्तरी



**हावाहुरीबाट जोगिने उपायहरु**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनकपुरधाम उपमहानगरपालिका**



**सर्पको टोकाइबाट बच्ने उपायहरु**



सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्राय जसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर | जाने, भुईमा नसुती खाटमा सुत्ने, खाटमा झकुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआंगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घांस दाउरा गर्दा ध्यान पुयाउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौ चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔ, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।

**बर्दिबास नगरपालिका**

# मटिहानी आगलागी घटना : क्षति पहिचान र राहतका लागि समन्वय गर्न टोली परिचालन

**खबर दर्पण समाचारदाता**
**वैशाख १३ गते, बर्दिवास**



महोत्तरीको मटिहानी नगर पालिका ६, जरलहवा टोलमा आगलागी हुँदा नष्ट भएका घर संरचनाका बारेमा वास्तविक अवस्था पहिचान गर्न तथा र ाहत एवं पुनःस्थापनाका लागि एक टोली परिचालन गरिएको छ ।

यही वैशाख १२ गते भएको उक्त घटनाबारे सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव गोगनबहादुर हमालको नेतृत्वमा टोली परिचालन गरिएको छ । उक्त टोलीमा गृह मन्त्रालयका उपसचिव रमा आचार्य, प्राधिकरणका उपसचिव डा डिजन भट्टराई र प्राधिकरण कै उपसचिव एवं डढेलो विज्ञ सुन्दर शर्मा रहेका छन्।' टोलीले क्षतिको पहिचानका साथै पीडितलाई राहत तथा पुनःस्थापनाका लागि संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी आगामी दिनमा गर्नुपर्ने कार्यका बारेमा सुझाव दिनेछ । टोलीले जिल्ला विपद् व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा सहजीकरणसमेत गर्ने प्राधिकरणले जनाएको छ ।

जरलहवा टोलमा बुधबार भएको आगलागीबाट एक सय घर जलेका थिए ।

सो आगलागीबाट चार सय ५५ जना प्रभावित भएका छन् । आगलागीबाट पाँच बाख्रा र दुई सुँगुर जलेर मरेका छन् । प्रभावित परिवारलाई स्थानीय तह, स्थानीय प्रशासन र विभिन्न संघसंस्थाबाट खाद्यान्न एवं आपतकालीन राहत सामग्री उपलब्ध गराइएको प्राधिकरणका उपसचिव गोमादेवी चेम्जोङ्गले जानकारी दिए ।

# मटिहानीको एक इलेक्ट्रोनिक पसलमा आग लागि हुँदा लाखौ को क्षति




**खबर दर्पण समाचारदाता**
**वैशाख १३ गते, बर्दिवास**

मटिहानी नगरपालिका स्थित एक इलेक्ट्रोनिक पसलमा आग लागि हुँदा लाखौ को क्षति भएको छ ।

मटिहानी नगरपालिका वडा नं. ९ स्थित कुशेश्वर चौधरीको इलेक्ट्रोनिक पसलमा आग लागि हुँदा करिब रु. ३ लाखको क्षति भएको छ ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडल,जिल्ला समन्वय समितिका अध्यक्ष सहितको टोली र वारुण यन्त्र, बएँ लगायत स्थानीयहरुको प्रयासले उक्त आगो नियन्त्रणमा लिएको हो ।

बुधवार मात्रै मटिहानी नगर पालिका ६ भगवती टोलमा लागि हुँदा १२५ घर जलेर धन मालको क्षति भएको छ ।

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१

"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं"

हामी प्रतिबद्ध छौ तपाई नी



प्रहलादकुमार क्षेत्री
नगर प्रमुख

हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी खुवाउने अभियान संचालन हुदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।



बर्दिवास नगरपालिका
महोत्तरी

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१

"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं"

हामी प्रतिबद्ध छौ तपाई नी



हरिप्रसाद मण्डल
नगर प्रमुख

हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी खुवाउने अभियान संचालन हुदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।



मठिहानी नगरपालिका
महोत्तरी

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१

"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं"

हामी प्रतिबद्ध छौ तपाई नी



राम दुलार साह
नगर प्रमुख

हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी खुवाउने अभियान संचालन हुदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।



रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१

"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं"

हामी प्रतिबद्ध छौ तपाई नी



प्रदीप कुमार खड्का
नगर प्रमुख

हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी खुवाउने अभियान संचालन हुदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।



औरही नगरपालिका
महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा